# सुनिलस्मृती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

सूचना नं. ५१ लुम्विनी प्रदेश, नेपाल

**<u>निःशुल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना ।</u>**

(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२६)

सुनिलस्मृति गाउँपालिका वडा नं. ५ मन्घा अवस्थित श्री जनोद्धार प्राथमिक विद्यालय सुनिलस्मृति गाउँपालिका ५ मन्घा, रोल्पाको भवन निर्माणका लागि जग्गा आवश्यक भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आफुले उपलब्ध गराउन चाहेको जग्गाको जग्गाधनी पूर्जा, क्षेत्रफल, अवस्थिति र प्रकृति लगायतको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरुः</u>

१. निःशुल्क रुपमा उपलब्ध गराउने जग्गाको क्षेत्रफल कम्तिमा १००० वर्गमिटर हुनुपर्ने छ ।

२. एक वा एक भन्दा बढी जग्गादाताहरुले साधैं सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिने छ ।

३. कम्तिमा ५ मिटर बाटोले छोएको वा विस्तार गर्न सकिने जग्गा हुनुपर्नेछ ।

४. खोला तथा जोखिमक्षेत्र नभएको, खानेपानी एवं विद्युत सेवा विस्तार भएको वा गर्न सकिने हुनुपर्नेछ ।

५. जग्गा निम्न चारकिल्लाभित्र रहनुपर्नेछः-

क) पूर्वमाः- उज्ज्वल वुढाको जग्गा

ख) पश्चिममाः- सार्वजनिक जग्गा

ग) उत्तरः- गनवीर वुढाको जग्गा

घ) दक्षिणः- मनसरी वुढामगर र जसमता वुढाको जग्गा

६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-

क) जग्गाधनी प्रमाणपत्रपूर्जाको प्रतिलिपि,

ख) नक्साको प्रतिलिपि,

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

घ) मञ्जुरीनामा (आवश्यक हुनेमा मात्र),

ङ) आवश्यक अन्य कागजातहरु,

७. जग्गा प्राप्तिको उपयुक्तताको सम्बन्धमा गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

२०८२/१०/२६

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत